## बैठक संख्या -१७ (सत्र)

आज मिति २०८३ साल असार ०९ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री बाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

CamScanner

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदी<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

<u>छलफलका विषयहरु:</u>

१. नगरसभाको १९ औं अधिवेशनको तयारी सम्बन्धमा।

२. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।

३. विविध ।

(लवश्री न्यौपाने)

प्रमुख

**निर्णय नं. १**

चालु आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकामा सञ्चालित संघीय/प्रदेश समपुरक तथा विशेष अनुदान तर्फका देहायका योजनाहरु जेन्जी आन्दोलन, प्रतिनिधि सभा सदस्य निर्वाचन, कच्चा पदार्थको अभाव जस्ता कारणले निर्धारित समय सीमा भित्र सम्पन्न हुन नसकेको र नगरपालिकाको सिमित साधन स्रोतका कारण आर्थिक दायित्व बहन गर्न सक्ने अवस्था नरहेको हुँदा उक्त योजनाहरु सम्पन्न गर्नका लागि आ.व. २०८२/०८३ मा विनियोजित बजेटलाई यथावत राखी आगामी आ.व. २०८३/०८४ मा कार्य सम्पन्न गर्न अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

**संघीय सरकारबाट हस्तान्तरित समपुरक अनुदान कार्यक्रम**

१. हिलेपानी चाम्बोटे च्यास्कु कोलन्जोर सडक

**संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान कार्यक्रम**

१. चोकखोला र कुम्भखोला खानेपानी योजना वडा नं.७ र ८

**प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान कार्यक्रम**

१. मानेडाँडा तामाङ्गटोल भोर्ले ल्याण्डफिल्ड साईट सडक वडा नं.८

२. वडा कार्यालय थुम्का मुडाजोर धनेघाट सडक वडा नं.७

३. काभ्रे रामपुर बसन्तपुर चुकियाघाट कोलोन्जोरघाट सडक वडा नं.५

**निर्णय नं. २**

रामेछाप नगरपालिकाको आगामी आ.व. २०८३/०८४ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम पारित गरी स्वीकृतिका लागि नगरसभाको १९ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

रामेछाप नगरपालिकाको विनियोजन विधेयक,२०८३ पारित गरी स्वीकृतीका लागि नगरसभाको १९ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

रामेछाप नगरपालिकाको न्यायिक समितिबाट पेश हुन आएको चालु आ.व. ०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन नगरसभाको १९ औं अधिवेशन समक्ष स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

..............................
गंगालाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
गंगालाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मी न्यौपाने
[redacted]